जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

सूचना
जनकपुरधाममा
घरभन्दा पनि राम्रो
खाना सहितको कक्षा
८ सम्मको व्यवस्थित
होस्टेलको लागि
सम्पर्क
९८१५८३०६०१

बर्ष १२ • अंक १९६ • २०८२ बैशाख २४ गते बुधवार • 7 May. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

# एमाले अधिवेशन तनावपूर्ण: निर्वाचन स्थगित, ५ जना घाइते

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २३ बैशाख**

मधेश प्रदेशमा एमाले नेता रघुवीर महासेठ र लिला श्रेष्ठबीच बढेको शक्ति सञ्चयका कारण एमाले धनुषा अधिवेशन तनावपूर्ण बनेको छ । मतदानकै दिन मंगलबार एमाले धनुषा अधिवेशनमा झडप, तोडफोड र एक-अर्कालाई लखेटीलखेटी कुटपिट गरिएको छ। तनाव बढेपछि धनुषा एमालेको ८ औं अधिवेशनको निर्वाचन प्रक्रिया बुधबारसम्म स्थगित गरिएको छ। अधिवेशनमा दुई पक्षबीच तनाव बढेपछि झडपसमेत भएको थियो।



झडपमा ५ जना नेता-कार्यकर्ता घाइते भएको धनुषा प्रहरीले जनाएको छ। उनीहरुको घटनास्थलमै प्राथमिक उपचार गरिएको थियो । धनुषा प्रहरीका अनुसार घाइते हुनेमा सत्यनारायण महासेठ र महेश दासलगायतका छन् । महासेठ र दासको टाउको फुटेको छ भने अन्य ३ जना कुटपिटबाट घाइते भएका हुन् । एमाले धनुषाका निवर्तमान अध्यक्ष राजकिशोर यादवलाई भने लेखेटीलखेटी कुटपिट गरिएको थियो । जिल्ला नेतृत्व चयनका लागि थालिएको निर्वाचन प्रक्रिया लम्ब्याउने र उम्मेदवार सूचीमा नाम थपघट गरिएकामा आक्रोशित एमाले धनुषाका नेता-कार्यकर्ताको प्रदर्शनले मंगलबार तनाव बढेको थियो। जनकपुरस्थित महेन्द्र नारायण निधि मिथिला संस्कृति केन्द्रमा मंगलबार बिहान ८ बजेदेखि निर्वाचन थाल्ने तयारी गरिएको थियो ।

सर्वसम्मतिबाट एमाले धनुषाको कार्यसमिति चयन हुन नसकेपछि मतदान निर्धारण गरिएको थियो। बिहान ठूलो संख्यामा मतदान गर्न पुगेका मतदातालाई तयारी नपुगेको भन्दै १० बजे मात्र मतदान सुरु हुने बताइएको थियो । त्यही क्रममा एमाले धनुषाका अध्यक्षका उम्मेदवार लक्ष्मीनारायण यादव पक्षले भने मतदाता नामावलीमा अनावश्यक थपघट गरिएको र मापदण्ड नपुगेकालाई पदाधिकारीमा उम्मेदवार कायमै राखेको भन्दै त्यसलाई सच्याउन माग गर्दै निधि भवनमा धर्ना बसेका थिए ।

'जिल्ला पदाधिकारी हुन्, एक कार्यकाल जिल्ला सदस्य वा केन्द्रीय भ्रातृ संगठनमा एक कार्यकाल काम गरेको हुनुपर्छ,' लक्ष्मीनारायणले भने,'मापदण्ड नपुगेका उम्मेदवारका विरुद्धमा उजुरी पनि परेको थियो । तर, निर्वाचन समितिले उनीहरूको उम्मेदवारी कायम नै राखे ।' एमालेका युवा नेता जानी खानले सोमबार राति निर्वाचन समितिले प्रकाशन गरेको सूचनामा मोहम्मद एकवालको नाम मुस्लिम सदस्यमा उम्मेदवारी रहे पनि मंगलबार भने अर्को सूचनामा उनको उम्मेदवारी हटाइएको थियो । 'जालझेल गरेर निर्वाचन समितिलाई पंगु बनाइएको छ,' खानले भने, 'निर्वाचन समितिले आफूखुसी उम्मेदवार हटाउने र थप्ने काम गरेको छ। त्यसैले स्थिति तनावपूर्ण बन्यो ।' अधिवेशनमा नेता महासेठ पक्षले भोला यादवलाई अध्यक्ष अघि सारेको छ भने लक्ष्मीनारायण भने नेता उमाशंकर अरगरिया पक्षका उम्मेदवार हुन् ।

अरगरियालाई नेता श्रेष्ठको साथ छ। यही दुई पक्षबीच अधिवेशनलाई लिएर विवाद छ । विवाद चर्किएपछि मंगलबार निर्वाचन समितिले प्रयोग गर्ने टेवल, कुर्सी, कम्प्युटरलगायतका सामान तोडफोड गरिएको छ । निधि भवनको मुख्य सभाकक्षमा पनि तोडफोड भएको र क्षतिको यकिन विवरण आइनसकेको केन्द्रका एक कर्मचारीले बताए । एमाले अधिवेशन भइरहेको निधि भवनमा अध्यक्षका उम्मेदवार दुवै पक्षका नेता-कार्यकर्ताले लगातार उग्र प्रदर्शन गर्दै तोडफोडमा उत्रिएपछि त्यहाँको सुरक्षा व्यवस्था बढाइएको थियो । एमाले धनुषाका नेता सोम शर्माले मतदाता नामावली पटक-पटक गरी तीन पटक प्रकाशन गरिएको बताए । 'अन्तिम नामावली तीन पटक प्रकाशन गर्‍यो,' उनले भने,'हरेक पटक नाम थपघट गरिएको थियो । केही उम्मेदवारको नसोधी नै उम्मेदवारी फिर्ता गरियो । त्यसैले अन्योल र शंका उत्पन्न भएको छ ।' एमाले धनुषाको जिल्ला अधिवेशन शनिबार पार्टीका उपाध्यक्ष ईश्वर पोखरलेलले उद्घाटन गरेका थिए । मधेश प्रदेशमा एमालेका नेता महासेठ र श्रेष्ठबीच चुलिएको विवादको असर धनुषा अधिवेशनमा पनि परेको छ।

# बाँसको पुल बाढीले बगाएपछि स्थानीयहरूलाई समस्या



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २३ बैशाख**

हुलाकी मार्गमा पर्ने सिराहा र धनुषा जिल्लाको सीमा रहेको कमला नदी तर्न बनाएको अस्थायी बाँसको पुल बाढीले बगाएपछि स्थानीयहरूलाई समस्या भएको छ ।

चारवर्ष पहिले कमलापुल उद्घाटन नहुँदै पूर्वी सिराहा तर्फको पाया भासिएपछि कात्तिकदेखि असारसम्म अस्थायी बाँसको पुल बनाएर सात महिना नदी तर्ने कार्य हुँदै आइरहेको छ । सोमबार राति भएको भारी वर्षाका कारण बनाएका अस्थायी बाँसको पुल बगाएपछि नदी तर्न समस्या भएको हो ।

वर्षा लागेपछि मोटरसाइकल पूर्णरूपमा बन्द हुने गरेको समस्या झेल्दै आइरहेको सिराहा र धनुषाका स्थानीयहरूलाई यस वर्ष वैशाख महिनामा नै अस्थायी बाँसको पुल बगाएपछि झन् समस्या भएको सिराहा नगरपालिका-६ का वडाध्यक्ष इन्द्रजीत यादवले बताउनुभयो । बाँसको पुल बर्सातको समयमा काम नहुने भएपछि स्थानीय किसानहरूलाई भासिएकै पुलमा बाँसको सिढी जोढेर आउजाउ गर्ने बाध्यता रहेको छ ।

मधेश प्रदेशको जीवनरेखा मानिएको हुलाकी सडक निर्माण भएपछि सिराहा सप्तरी र धनुषा जिललाका लागि अति सहज भएको खुसयाली छाएको थियो । पुला उद्घाटन नहुँदै भासिएपछि सारा खुसी निरासामा बदलिएको सिरहा नगरपालिका प्रमुख नविनकुमार यादवले बताउनुभयो । उहाँको अनुसार सिराहा-६ नम्बर वडाका अधिकांश किसानहरूको खेती कमलापारी धनुषामा परेकाले वर्षाको समयमा खेतिपाती गर्नें असहजता त छनै साथै आधा घण्टामा मधेश प्रदेशका राजधानी जनकपुर पुग्न तीन घण्टा लाग्ने छ । पुल निर्माणका लागि मधेश प्रदेश सरकार र सङ्घीय सरकारलाई पटक पटक पत्राचार र भेटेरै जानकारी गराएपनि कुनै सुनवाइ भइरहेको छैन ।

मधेश प्रदेशका मुख्यमन्त्री सतीश कुमार सिंहले सिराहाको विभिन्न सार्वजानिक कार्यक्रमहरुमा सङ्घीय सरकारले पुल निर्माण गर्ने ठेकेदारहरूलाई कारबाही गरी पुल निर्माणका लागि सङ्घीय सरकारलाई गुहारे पनि कुनै पहल नभएको बताउँदै आइरहनुभएको छ । मधेश प्रदेश सरकारले आफ्नै बजेटबाट भए पनि कमला पुल निर्माण गरी छाडने तर यसका लागि केहि समय लाग्ने केहि दिन पहिले लहानमा पत्रकारहरुसँगको भेटघाटमा प्रतिबद्धता गर्नुभएको थियो ।




GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme
33 Years of Academic Excellence

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रखराइको सुर
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय.....................

# सकारात्मक योजना बनाऔं

*प्रकृतिको सिर्जना हो, मानव जीवन । मानवले प्रकृतिको देन र आफ्नो दायित्व भुल्नु हुँदैन । प्रकृतिको सामिप्यमा रहनुपर्ने र प्रकृतिको सन्तुलनको नियम पालना गर्ने मानवीय दायित्व हो । जैविक विविधताको अनुपम सम्बन्ध र सन्तुलनमा मात्र मानवको अस्तित्व र जीवनचक्र सञ्चालन हुन्छ । भूगोल, हावापानी अन्य प्रकृतिको सन्तुलनमा मानवको सुखद जीवन जिउन सकिन्छ । मानव प्रकृतिविरुद्ध होइन् प्रकृतिसित समाहित हुनु पर्छ ।*

*पृथ्वीमा तापक्रम बढ्ने, बेमौसमी वर्षा, नयाँ र उन्मूलन भएका रोगव्याधिको बढोत्तरी, कृषि प्रणालीमा मौसमको प्रतिकूल प्रभाव, अकस्मात् विपत्को सामना, हिमालमा हिउँको मात्रा घट्दो अवस्था र पानीको स्रोत कमजोर हुनु, समुद्रको सतह बढ्दै जादा तटीय क्षेत्रमा डुबान हुनु जस्ता समस्याले विश्वमा हलचल ल्याएको छ । प्रकृतिको अप्राकृतिक दोहन र प्रतिकूल कार्यका कारण विश्व जलवायु परिवर्तनले प्रभावित छ । विकसित राष्ट्रले अत्यधिक प्रकृतिको दोहन गर्ने र पर्यावरणमा प्रतिकूल ग्यास उत्सर्जनले गरिब राष्ट्र प्रताडित छन् । जलवायु परिवर्तनको असर सीमारहित हुने हुँदा समस्याको भारी अल्पविकसित राष्ट्रले बोक्नु परेको छ ।*

*हिमशृङ्खलामा हिउँको मात्रा घट्दै जाने र पानीका स्रोतमा प्रतिकूलता देखिन थालेको छ । नेपाल पनि जलवायु परिवर्तनको असर सामना गर्ने देशको अग्र सूचीमा पर्छ । हाम्रो भूबनोट र जैविक विविधताको सम्बन्धमा प्रतिकूलता देखिन थालेको छ । तापक्रम बढेका कारण हिमालमा हिउँको मात्रा क्रमश: घट्दै गएको छ । हामी सुखी हुन प्रकृति खुसी हुनु पर्छ भन्ने भावनाको उद्घोष गर्दै संवादले विश्वमा जलवायु अनुकूलनको अभियानमा सबैलाई सचेत गर्ने छ । संवादपछिको माहोल सकारात्मक बनाउने योजनामा सबै लागौं, जलवायु सङ्कटमा विरुद्ध जागौं ।*

# मधेस प्रदेश सरकारले माटोमा लगाएको कर फिर्ता लिन मांग



**जलेश्वरटुडे समाचारदाता**
**रौतहट, २३ बैशाख**

मधेस प्रदेश सरकारले माटोमा लगाएको कर फिर्ता लिन गौर नगरपालिका कार्यालयले माग गरेको छ। मधेस प्रदेश सरकारको आर्थिक ऐन अनुसार नदी क्षेत्रबाट माटो उत्खनन गर्दा कर लिई ढुवानी गर्न पाउने व्यवस्था भएको प्रति गौर नगरपालिकाका नगरप्रमुख शम्भु साहले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्र लेख्दै कर नलाग्ने व्यवस्था मिलाउन अनुरोध गर्नुभएको हो । नगरपालिकाको पश्चिमपट्टि रहेको लाल बकैया नदीमा बर्सेनि चुरेबाट बालुवा, ढुङ्गा तथा माटो बगेर आउँदा बेड लेभल बढ्ने जस कारण नदीले पानी सञ्चय गर्न नसक्ने अवस्था भई सामान्य वर्षा हुँदासमेत आउने बाढीको पानी बस्तीमा पसेर धनजनको ठुलो क्षति हुने गर्दा नदीको बेड लेभल बर्सेनि खन्नु पर्ने अवस्था रहेको नगर प्रमुख साहले मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई लेख्नुभएको पत्रमा उल्लेख गरिएको छ। पत्रमा भनिएको छ , “ उक्त क्षेत्रको माटो वर्षा देखि स्थानीयले सार्वजनिक निर्माण कार्य तथा व्यक्तिगत प्रयोजनको लागि कुनै किसिमको कर नतिरी ढुवानी गर्दै आइरहेकोले हाल आएर लगाइएको करको स्थानीयले व्यापक रूपमा विरोध गरिरहेको कारण स्थानीयको मागलाई सम्बोधन गर्दै कर नलाग्ने व्यवस्था मिलाइदिन हुन अनुरोध छ”।

नगरप्रमुख साहका अनुसार माटो ढुवानीमा सङ्कलन हुने राजस्वभन्दा सङ्कलन गर्ने कर्मचारीमा बढी खर्च हुने भएकोले यो व्यावहारिक नभएको बताउनुभएको छ। स्वीकृत खानी क्षेत्र बाहेक माटो बिक्री एवम् घाटगद्दी बापत प्रति क्यु मिटर ७५ रुपियाँदेखि १२५ रुपियाँसम्म कर लिने भनी २०८१ असार ३१ गते मधेस प्रदेश सरकारको राजपत्रमा प्रकाशन भए बमोजिम रौतहटका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा बसेको पालिका प्रमुख एवम् सरकारी निकाय प्रमुखहरूको बैठकले माटो ढुवानीमा कर सङ्कलन गर्ने निर्णय गरेको थियो ।

# धुमधामका साथ जनकपुरधाममा जानकी नवमी मनाईयो



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २३ बैशाख**

जनकपुर-त्रेतायुगमा राजा जनकले हलो जोत्दा माटोबाट उत्पन्न भएको मानिएको सीताको जन्मदिनको अवसरमा मंगलबार जनकपुरमा जानकी नवमी धुमधामसँग मनाइँदैछ । जनकपुरको जानकी मन्दिरमा जानकी नवमीको अवसरमा साताव्यापी कार्यक्रम आयोजना गरिएको छ । जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशन दासका अनुसार जानकी नवमीको प्रमुख कार्यक्रम मंगलबार दिनभर जानकी मन्दिरमा आयोजना हुनेछ।

‘जानकी नवमीको सबै तयारी पूरा भइसकेको छ,’ उनले भने,‘दिनभर मंगलधुनसँगै विशेष आरती, झाँकी र धार्मिक कार्यक्रम भइरहनेछ ।’ जानकी नवमीमा सहभागी हुन स्वामी रामभद्राचार्य भारतबाट सोमबार नै जनकपुर आइपुगेका छन् । नमो राधवाय बसबाट जनकपुर आएका स्वामी रामभद्राचार्यसँग दर्जनौं भारतीय साधु-सन्त सहभागी छन् । जानकी नवमीको अवसरमा मंगलबार मधेश प्रदेश सरकारले मधेशमा सार्वजनिक बिदा दिएको छ।


# व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।
– खाद्यान्न कार्यक्रम संचालन गर्न सहयोग मिल्ने ।
– आवासको व्यवस्था गर्न सजिलो हुने ।
– व्यक्तिगत घटना दर्ताका लागी सम्बन्धीत वडा कार्यालयमा सम्पर्क राखौं तथा घटना दर्ताको लागि आवश्यक कागजात एवं प्रकृयाहरु नागरिक वडा पत्रमा अध्ययन गरौं ।

**ईश्वरपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सर्लाही, मधेश प्रदेश नेपाल**


## तपाईको टुडे

मेष: अशुभ समाचार प्राप्त हुने
वृष: लामो यात्राको योग छ
मिथून: अनावश्यक चिन्ता
कर्कट: पिछडेको साथी मिल्ने
सिंह: अनावश्यक खर्चको संभावना
कन्या: आम्दानी हुने
तुला: विचार गरेर बोल्नुहोला
वृश्चिक: पढाईमा ध्यान दिनुपर्ने
धनु: खानपानमा समस्या आउने
मकर: मनमा पछुतो आउने
कूम्भ: मित्रतामा फाटो आउने
मीन: शुभ कार्यको शुरुवात


## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पुजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# बन्द भएको कुख्यात कारागार पुन: खोल्न ट्रम्पको आदेश

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २३ बैशाख



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आइतबार अधिकारीहरूलाई अल्काट्राज कारागार पुनर्निर्माण र पुन: खोल्न निर्देशन दिएको बताएका छन् । यो कुख्यात सङ्घीय कारागार क्यालिफोर्नियाको एउटा सानो टापुमा अवस्थित थियो र छ दशकअघि बन्द भएको थियो ।

“पुनर्निर्माण गर्नुहोस् र अल्काट्राज खोल्नुहोस् !”, रिपब्लिकन राष्ट्रपति ट्रम्पले आफ्नो ट्रुथ सोसल प्लेटफर्ममा लेखे, “आज म कारागार ब्युरो, न्याय मन्त्रालय, एफबिआई र होमल्यान्ड सेक्युरिटीसँग मिलेर अमेरिकाका सबैभन्दा निर्दयी र हिंसात्मक अपराधीहरूलाई राख्न अल्काट्राज पर्याप्त रूपमा विस्तारित र पुनर्निर्माण गरी फेरि खोल्न निर्देशन दिँदैछु।” अमेरिकी कारागार ब्युरोका अनुसार अल्काट्राज मात्र २९ वर्ष खुला रहेपछि सञ्चालन खर्च उच्च भएका कारण सन् १९६३ मा बन्द भएको थियो र अहिले यसले पर्यटकीय आकर्षणका रूपमा सेवा गर्दछ।

सान फ्रान्सिस्को तटबाट दुई किलोमिटर दूरीमा अवस्थित र मात्र तीन सय ३६ कैदीको क्षमता भएको यो कारागारमा निषेध युगका माफिया नेता अल कापोन जस्ता केही प्रख्यात अपराधीहरू राखिएका थिए र यसले कैदीहरूले धेरै काल्पनिक भाग्ने प्रयासहरू देखेको थियो।

ट्रम्पले विशेष गरी आप्रवासीहरूद्वारा गरिएका अपराधमाथि कडा कारबाही गर्नलाई ह्वाइट हाउसमा उनको दोस्रो कार्यकालको एक प्रमुख तत्व बनाउएका छन्।

# प्रबलको पहिरनमा चम्किएका दिलजीतदेखि बेबी बम्पसहित उपस्थित

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २३ बैशाख



‘फेसनको सबैभन्दा ठूलो रात्रि बहार’ भनेर चिनिने कार्यक्रम मेट गालामा फिल्म, संगीत र फेसन जगतका सेलिब्रेटीहरू मंगलबार अमेरिकाको न्यूयोर्कस्थित मेट्रोपोलिटन म्युजियम अफ आर्टमा भेला भए। यसमा सेलिब्रेटीहरूले यस वर्षको संस्करणको विषयवस्तु अनुसार पहिरन लगाएका थिए। यस वर्षको मेट गाला २०२५ को विषयवस्तु ‘सुपरफाइन: टेलरिङ ब्ल्याक स्टाइल’ थियो।

कस्ट्युम इन्स्टिच्युटको लागि कोष जुटाउन आयोजना गरिएको यो कार्यक्रमले फेरि एक पटक विश्वभरका दर्शकहरूको ध्यान खिच्यो । कार्यक्रममा ’बलिउडका किंग’ सुपरस्टार शाहरुख खान उपस्थित थिए, जसले मेटमा भाग लिने पहिलो भारतीय पुरुष अभिनेता बने। खानको पहिरन प्रसिद्ध भारतीय डिजाइनर सब्यसाची मुखर्जीले डिजाइन गरेका थिए। यसका साथै, यस वर्षको मेट गालामा विगतदेखि नै कार्यक्रमको हिस्सा रहँदै आएकी प्रियंका चोपडा जोनस सहभागी भइन्।

उनले बालमेनका ओलिभियर राउस्टिङद्वारा डिजाइन गरिएको पोल्का डट सुट ड्रेसमा नीलो कार्पेटमा आफ्नो उपस्थिति जनाएकी थिइन्। आफ्ना पति तथा गायक निक जोनाससँगै उनले मेटमा पाँचौं पटक उपस्थिति जनाएकी थिइन् । यसबाहेक, भारतीय अभिनेत्री कियारा आडवाणी पनि मेट गालामा डेब्यू गर्दै देखिएकी थिइन्। कालो-सुनौलो-सेतो पहिरनमा उनी उपस्थित भइन्।

कियारा आमा बन्दैछिन्। उनको कालो पोशाकमा बच्चाको लागि सानो मुटुको आकारको प्लेट थियो। यस पटक मेट गालाको यस कार्यक्रममा धेरै भारतीयहरूले आफ्नो आकर्षण देखाए र ती मध्ये एक हाम्रा दिलजीत दोसांझ थिए।

# घट्यो अमेरिकी डलरको मूल्य, अन्य विदेशी मुद्राको दरभाउ कति ?



जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २३ बैशाख

नेपाल राष्ट्र बैंकले विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ । निर्धारित विनिमयदरअनुसार अमेरिकी डलर एकको खरिददर १३४ रुपैयाँ ५१ पैसा र बिक्रीदर १३५ रुपैयाँ ११ पैसा कायम भएको छ।

यस्तै, युरोपियन युरो एकको खरिददर १५२ रुपैयाँ ६६ पैसा र बिक्रीदर १५३ रुपैयाँ ३४ पैसा, युके पाउन्ड स्टर्लिङ एकको खरिददर १७९ रुपैयाँ १५ पैसा र बिक्रीदर १७९ रुपैयाँ ९५ पैसा, स्वीस फ्याङ्क एकको खरिददर १६३ रुपैयाँ ४७ पैसा र बिक्रीदर १६४ रुपैयाँ २० पैसा कायम गरिएको छ। अष्ट्रेलियन डलर एकको खरिददर ८६ रुपैयाँ २८ पैसा र बिक्रीदर ८७ रुपैयाँ ६७ पैसा, क्यानेडियन डलर एकको खरिददर ९७ रुपैयाँ ४५ पैसा र बिक्रीदर ९७ रुपैयाँ ८८ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०४ रुपैयाँ ३७ पैसा र बिक्रीदर १०४ रुपैयाँ ८४ पैसा निर्धारण गरिएको नेपाल राष्ट्र बैंकले जनाएको छ। त्यस्तै, केन्द्रीय बैंकले जापानी येन १० को खरिददर नौ रुपैयाँ ३५ पैसा र बिक्रीदर नौ रुपैयाँ ३९ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ५० पैसा र बिक्रीदर १८ रुपैयाँ ५८ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३५ रुपैयाँ ८७ पैसा र बिक्रीदर ३६ रुपैयाँ ०३ पैसा, कतारी रियाल एकको खरिददर ३६ रुपैयाँ ९० पैसा र बिक्रीदर ३७ रुपैयाँ ०७ पैसा तोकेको छ । केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर चार रुपैयाँ ०९ पैसा र बिक्रीदर चार रुपैयाँ ११ पैसा, युएई दिराम एकको खरिददर ३६ रुपैयाँ ६२ पैसा र बिक्रीदर ३६ रुपैयाँ ७८ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३२ रुपैयाँ ०३ पैसा र बिक्रीदर ३२ रुपैयाँ १७ पैसा निर्धारण भएको छ। यसैगरी, साउथ कोरियन वन १०० को खरिददर नौ रुपैयाँ ८२ पैसा र बिक्रीदर नौ रुपैयाँ ८७ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १३ रुपैयाँ ९८ पैसा र बिक्रीदर १४ रुपैयाँ ०४ पैसा र डेनिस क्रोनर एकको खरिददर २० रुपैयाँ ४६ पैसा र बिक्रीदर २० रुपैयाँ ५५ पैसा तोकिएको छ।

# हारदेखि सफलतासम्म : उपाधिको खडेरी तोड्दै विश्वकप जितबारे कोहलीको अनुभव

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २३ बैशाख



भारतका स्टार क्रिकेटर एवम् पूर्व कप्तान विराट कोहलीले आफ्नो टी-२० अन्तर्राष्ट्रिय करियरलाई ऐतिहासिक ढंगले टुंग्याए । उनले २०२४ को टी-२० विश्वकपको फाइनलमा शानदार प्रदर्शन गर्दै भारतलाई १७ वर्षपछि उपाधि जिताउन महत्वपूर्ण भूमिका खेले।

आईपीएल २०२४ मा सबैभन्दा धेरै रन बनाउने (७४१ रन) कोहलीले विश्वकपको सुरुवात कमजोर रूपमा गरेका थिए। पहिलो सात इनिङमा जम्मा ७५ रन मात्र बनाएपछि उनले फाइनलमा ५९ बलमा ७६ रन बनाउँदै शानदार कमब्याक गरे र प्लेयर अफ द म्याच नै जिते । ‘लामो समयदेखि प्रयास गर्दै आएका थियौं’ आईपीएल टोली बेंगलुरुको पोडकास्टमा कोहलीले आफ्नो अनुभव बाँड्दै भने, ‘हामी सबै भावुक थियौं। धेरैपटक नजिक पुगेका थियौं तर सफल हुन सकेका थिएनौं ।’ ‘व्यक्तिगत रूपमा मैले २०१४ र २०१६ को टी-२० विश्वकप सेमिफाइनल, २०१५ एकदिवसीय विश्वकप सेमिफाइन तथा २०१७ च्याम्पियन्स ट्रफी फाइनलमा हार भोगेको थिएँ। त्यसैले यो जीत गर्वको भन्दा पनि कृतज्ञताको भावना थियो’ कोहलीले भने। कोहलीले सन् २०२४ को विश्वकप उनको अन्तिम टी-२० प्रतियोगिता हुने निश्चित गरिसकेको स्मरण गर्दै परिणाम जे भए पनि उनले यस फर्म्याटबाट सन्यास लिने निर्णय पहिले नै लिइसकेको उल्लेख गरे। फाइनलको दिन आफू कसरी रन बनाउन सफल भए भनेर उनी अचम्मित रहेको कुरा पनि सुनाए । ‘पूरै प्रतियोगितामा रन नआएको मान्छे अन्तिम खेलमा त्यस्तो खेल्छु भन्ने लागेको थिएन।




हरिपुर्वा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सर्लाही, मधेश प्रदेश नेपाल



# ‘एनआरएन’ राष्ट्र निर्माणका सारथि

-हालको जटिल प्रक्रियाले धेरै एनआरएनहरूलाई निरुत्साहित बनाएको छ, सरकारले डिजिटल प्रणालीमार्फत नागरिकता प्रक्रियालाई सहज बनाउन र कागजात प्रमाणीकरणमा सहयोग पुऱ्याउनुपर्छ

नेपाल विश्वभर छरिएर रहेका आफ्ना नागरिकहरूलाई राष्ट्र निर्माणको महत्त्वपूर्ण साझेदारका रूपमा अंगीकार गर्न सक्ने अपार सम्भावना बोकेको मुलुक हो। अध्ययन, रोजगारी, व्यवसाय र नयाँ अवसरको खोजीमा विदेसिएका गैरआवासीय नेपालीहरू (एनआरएन) ले नेपालको सांस्कृतिक, सामाजिक र आर्थिक पहिचानलाई अन्तर्राष्ट्रिय मञ्चमा स्थापित गर्न उल्लेखनीय योगदान पुऱ्याएका छन्।

उनीहरूको ज्ञान, सीप, पुँजी र विस्तृत सञ्जाललाई प्रभावकारी र संरचनागत रूपमा उपयोग गर्न सके नेपालको समग्र विकासमा क्रान्तिकारी परिवर्तन ल्याउन सकिन्छ। यद्यपि, यो सम्भावनालाई साकार पार्न नेपाल सरकारले नीतिगत सुधार, संरचनात्मक परिवर्तन र व्यावहारिक कदम चाल्नु अपरिहार्य छ। सन् २००३ मा स्थापना भएको गैरआवासीय नेपाली संघ (एनआरएनए) विश्वभर छरिएका नेपाली डायस्पोरालाई एक सूत्रमा बाँध्ने साझा मञ्च हो। हाल ८० भन्दा बढी मुलुकमा सक्रिय यो संस्था सामाजिक र सांस्कृतिक एकताको प्रतीक बनेको छ। नेपालप्रतिको लगाव र योगदानको शक्तिशाली माध्यमका रूपमा स्थापित भएको छ। एनआरएनएको मुख्य उद्देश्य विश्वभरका नेपालीहरूलाई एकताबद्ध गरी नेपालको सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक र प्राविधिक विकासमा ठोस सहयोग पुऱ्याउनु हो।

विगत दुई दशकमा एनआरएनए लगानी, विपद् उद्धार, सांस्कृतिक प्रवर्द्धन र सामुदायिक विकास जस्ता विविध क्षेत्रमा योगदान दिँदै नेपाल र डायस्पोराबीचको सम्बन्धलाई सुदृढ बनाउन सफल भएको छ। यस अवधिमा एनआरएनएले नेपालको ग्रामीण क्षेत्रमा जलविद्युत् परियोजनाहरू, शिक्षालय निर्माण, स्वास्थ्य शिविरहरू र प्राकृतिक विपद्को समयमा राहत वितरण जस्ता कार्यहरू सम्पन्न गरेको छ। यी प्रयासहरूले एनआरएनएहरूको स्रोत र सीपलाई नेपालको हितमा प्रयोग गर्न सकिने सम्भावनालाई उजागर गरेको छ। यस्ता गतिविधिहरूले एनआरएनहरूको सामाजिक उत्तरदायित्व र नेपालप्रतिको प्रतिबद्धतालाई प्रस्ट पार्छ, जुन राष्ट्र निर्माणको आधारशिला बन्न सक्छ।

संवैधानिक र कानुनी आधार : नेपालको संविधान २०७२ को अनुच्छेद १४ (१) ले गैरआवासीय नेपालीहरूलाई सामाजिक, आर्थिक र सांस्कृतिक अधिकारसहितको नागरिकता प्रदान गर्ने व्यवस्था गरेको छ। यो प्रावधानले विदेशी मुलुकको नागरिकता लिएका तर नेपाली मूल भएका व्यक्तिहरूलाई गैरआवासीय नेपाली नागरिकताको अवसर प्रदान गर्दछ। जसले उनीहरूलाई नेपालसँग जोड्न कानुनी आधार तयार गर्छ। साथै, गैरआवासीय नेपालीसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६६ ले उनीहरूको नागरिकता, लगानी, संस्थागत सहभागिता र हक-अधिकार सुनिश्चित गर्ने प्रयास गरेको छ। यद्यपि, यी कानुनी प्रावधानहरूको पूर्ण कार्यान्वयनमा ठूलो चुनौती छ। गैरआवासीय नागरिकताको प्रक्रिया अत्यन्त जटिल र सुस्त छ, जसले धेरै एनआरएनहरू हतोत्साही बनेका छन्। नागरिकता प्राप्तिको ढिलाइ, कागजात प्रमाणीकरणमा समस्या र प्रशासनिक जटिलताले उनीहरूको योगदानमा बाधा पुऱ्याएको छ। यस्ता कमजोरीहरूको सुधार नगरेसम्म एनआरएनहरूको सम्भावित योगदान ओझेलमा पर्न सक्छ। नीति र कार्यक्रम: नेपाल सरकारको नीति तथा कार्यक्रम २०८२/०८३ को बुँदा १३९ मा गैरआवासीय नेपालीहरूको क्षमता र सञ्जाललाई सांस्कृतिक कूटनीति मार्फत मुलुकको पहिचान र सम्मान अभिवृद्धि गर्ने लक्ष्य उल्लेख छ। यस्तै, परराष्ट्र नीति, २०७७ को धारा ८.१५ ले आप्रवासी नेपालीको ज्ञान, सीप, पुँजी, प्रविधि र सञ्जाललाई आर्थिक विकासमा परिचालन गर्ने रणनीति प्रस्तुत गर्छ। यसमा ‘ब्रेनगेन सेन्टर’ मार्फत विशेषज्ञहरूलाई जोड्ने, सांस्कृतिक प्रवर्द्धन गर्ने, आर्थिक कूटनीतिमा डायस्पोरालाई परिचालन गर्ने र नेपाली भाषा प्रशिक्षण केन्द्र स्थापना गर्ने योजना समावेश छन्। यी नीतिहरू कागजमा आकर्षक देखिए पनि कार्यान्वयनमा गम्भीर कमजोरी देखिन्छ। ‘ब्रेनगेन सेन्टर’ को प्रभावकारी सञ्चालन नहुँदा विदेशमा रहेका विशेषज्ञहरूको ज्ञान नेपालमा आउन सकेको छैन। सांस्कृतिक कूटनीति र पर्यटन प्रवर्द्धनका लागि पर्याप्त बजेट र संरचनागत समन्वयको अभाव छ। एनआरएनहरू यी नीतिहरूलाई व्यावहारिक रूपमा कार्यान्वयन भएको हेर्न चाहन्छन्, जसले उनीहरूको विश्वास र सहभागितालाई बढावा दिनेछ। योगदान: एनआरएनए मार्फत हालसम्म करिब ७ अर्ब रुपैयाँ बराबरको लगानी नेपालमा भित्रिएको छ। गैरआवासीय नेपालीहरू पर्यटन, कृषि, जलविद्युत, शिक्षा र स्वास्थ्य क्षेत्रमा दीर्घकालीन लगानी गर्न इच्छुक देखिन्छन्। उदाहरणका लागि, साना जलविद्युत् परियोजनाहरूमा गरेको लगानीले ग्रामीण क्षेत्रमा बिजुलीको पहुँच विस्तार गरेको छ। तर, लगानीको वातावरण सहज नहुँदा धेरै सम्भावनाहरू उपयोग हुन सकेका छैनन्। लगानी सुरक्षा, दोहोरो करमुक्ति समझदारीको प्रभावकारी कार्यान्वयनले एनआरएनहरूलाई थप लगानीका लागि प्रोत्साहित गर्न सक्छ। विदेशमा रहेका नेपालीहरू शिक्षाविद्, वैज्ञानिक, प्राविधिक र अनुसन्धानकर्ताका रूपमा स्थापित छन्। उनीहरूको ज्ञान र सीपलाई नेपालको शिक्षा, अनुसन्धान, प्रविधि र नवप्रवर्तनमा प्रयोग गर्न सकिन्छ। उदाहरणका लागि, प्राविधिक क्षेत्रका विशेषज्ञहरूलाई नेपालका विश्वविद्यालय र अनुसन्धान संस्थानमा जोडेर प्रविधिको विकासमा योगदान दिन सकिन्छ। ‘ब्रेनगेन सेन्टर’ को प्रभावकारी सञ्चालनले यस्तो सम्भावनालाई वास्तविकतामा बदल्न सक्छ।

साभार : कान्तिपुर।







अनुरोधकर्ता
क्षीरेश्वरनाथ नगरपालिका
धनुषा, मधेश प्रदेश




कामिनी ब्युटी पार्लर,जलेश्वर,महोत्तरी

पत्रिका/पेपर
कम्प्यूटराईज गराउन सम्झनुहोस।



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४०५१४८७, ९७०९०५७०६१ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला




अनुरोधकर्ता
जनकनन्दनी गाउंपालिका
धनुषा, मधेश प्रदेश


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday